# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : २ संख्या : २ मिति : २०८३/०६/०७

भाग - १

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली

प्रमाणिकरण मितिः२०८३/०६/०७
कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०६/०५

### कैलारी गाउँपालिकाको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना:** कैलारी गाउँपालिका भित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अबस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वियन गर्न, गाउँपालिका बाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय वनाउन, गाउँपालिका ले स्थापना गरेको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी विधि निर्धारण गर्न वाञ्छनीय भएकोले, गाउँपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७९ र नियमावली २०७९ बमोजिम कैलारी गाउँपालिकाको मिति २०८३/०६/०५ गतेको कार्यपालिका बैठकले यो कार्यविधि बनाएको छ ।

समभ्रू चौधरी
गा.पा. अध्यक्ष

CamScanner

## परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम कैलारी गाउँपालिकाको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ रहेकोछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अस्पताल" भन्नाले कैलारी गाउँपालिकाले संचालन गरेको आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले कैलारी गाउँपालिकाको गाउँपालिका प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "अस्पताल प्रमुख" भन्नाले अस्पताल विकास समितिले तोकेको कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "उप प्रमुख" भन्नाले कैलारी गाउँपालिकाको उप प्रमुखलाई सम्झनुपर्छ ।

(च) "ऐन" भन्नाले कैलारी गाउँपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७९ लाई सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले कैलारी गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ज) "कार्यविधि" भन्नाले कैलारी गाउँपालिकाको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्झनुपर्छ ।

(झ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले कैलारी गाउँपालिका सम्झनुपर्छ ।

(ट) "गाउँपालिका क्षेत्र" भन्नाले कैलारी गाउँपालिकाको भूभाग सम्झनुपर्छ ।

(ठ) "पदाधिकारी" भन्नाले अस्पताल संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीहरुलाई सम्झनुपर्छ ।

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राज समझ चौधरी
गा.पा. अध्यक्ष

(ड) "समिति" भन्नाले दफा ३ बमोजिम गठित अस्पताल संचालन तथा व्यवस्थापन समिति/विकास समितिलाई सम्झनुपर्छ ।

(ढ) "प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ण) "शाखा प्रमुख" भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(त) "सदस्य सचिव" भन्नाले कार्यपालिकाले अस्पताल संचालन तथा व्यवस्थापनको लागि स्विकृत कार्यविधि अनुसार तोकेको १ जना स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## अस्पताल व्यवस्थापन समितिको गठन, संचालन काम कर्तव्य र अधिकारः

३. समितिको गठनः (१) अस्पतालको संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन हुनेछ ।

(क) गाउँपालिका प्रमुख- अध्यक्ष

(ख) गाउँपालिका उप प्रमुख- उपाध्यक्ष

(ग) सदस्य गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) अस्पताल रहेको वडाको अध्यक्ष- - सदस्य

(ङ) स्वास्थ्य/जनस्वास्थ्य क्षेत्रमा कृयाशिल रही स्वास्थ्य क्षेत्रमा कम्तिमा ५ वर्ष कार्य अनुभव भएको व्यक्ति/ स्वास्थ्यकर्मी/ म. स्वा. स्वं. से. मध्येबाट गाउँपालिका प्रमुखले तोकेको १ जना महिला सहित २ जना - सदस्य

(च) आधारभूत अस्पताल रहेको वडाको भलमन्साहरु मध्येबाट गाउँपालिका प्रमुखले तोकेको १ जना – सदस्य

(छ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख १ जना- सदस्य

(ज) १५ शैया आधारभूत अस्पताल मे.सु./ प्रमुख – सदस्य सचिब

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषयविज्ञ, इन्जिनियर, जनप्रतिनिधि तथा अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

राज समझ चौधरी
गा.पा. अध्यक्ष



CamScanner

४. **पदावधि:** (१) समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले ५ वर्षको हुनेछ ।

(२) तर पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

५. **पदावधि रिक्त हुने:** निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीन पटक समितिको वैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोग प्रमाणित भएमा,

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणीत भएमा,

६. **काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ;

(क) नेपाल सरकार बाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) अस्पतालको नियमित संचालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

(घ) अस्पतालबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने ।

(च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास र एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ज) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्नवर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्ये नजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बालस्वास्थ्य तथा मातृ शिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(ड) अस्पतालबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ण) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका गाउँपालिका सामाजिक विकास समिति र जन स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(थ) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(द) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने ।

(ध) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(न) अस्पताल सञ्चालनको लागि गाउँपालिका ले दिएका निर्देशनहरू र स्वीकृत कार्यक्रमको कार्यान्वियन गर्ने, गराउने ।

(न) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

(प) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच. एम. आइ. एस. अनुसार तयार गरि डि. एच. आई. एस. २ मा तथ्याङ्क प्रविष्ट गर्ने ।

(फ) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानून र नीति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(ब) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु ।

(भ) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

७. <u>समितिको बैठक र संचालन विधि;</u> (१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा एक महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

राज कुमार चौधरी
गा.पा. अध्यक्ष



CamScanner

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन । तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन ।

(४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा वैठक संचालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले र अध्यक्षज्यूले प्रमाणित गर्नेछन ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद-३

## कोष तथा लेखा परीक्षणः

८. अस्पतालको कोषः (१) अस्पताल संचालन तथा व्यवस्थापन विकास समितिको नाममा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) गाउँपालिका बाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम ।

(छ) वैदेशिक अनुदान, संघ संस्थावा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्विकृति लिनु पर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

राजेन्द्र समक्ष चौधरी
गा.पा. अध्यक्ष

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको वहुमतबाट हुनेछ । कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन । तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन ।

(४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा वैठक संचालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले र अध्यक्षज्यूले प्रमाणित गर्नेछन ।

(६) व्यवस्थापन समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

## परिच्छेद-३

## कोष तथा लेखा परीक्षणः

८. अस्पतालको कोषः (१) अस्पताल संचालन तथा व्यवस्थापन विकास समितिको नाममा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ख) गाउँपालिका बाट प्राप्त रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम ।

(छ) वैदेशिक अनुदान, संघ संस्थावा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ज) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्विकृति लिनु पर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्नेछ ।

राज समफ चौधरी
गा.पा. अध्यक्ष

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट हुनेछ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

९. कोष खाता संचालन; (१) अस्पताल विकास समिति र अस्पतालको आय व्यय दुरुस्त राख्न समितिले निर्णय गरी तोकिएका ब्यक्तिहरु; गाउँपालिकाको लेखा अधिकृत र अस्पतालको प्रशासन शाखाको प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । अस्पतालको आर्थिक कारोवारको लेखा सेस्ता राख्ने जिम्मेवारी अस्पताल व्यवस्थापन समितिले तोके बमोजिमको कर्मचारीलाई दिईनेछ ।

(२) अस्पतालको आय- व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३) कोषको खाता संचालन समितिले निर्णयगरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय संस्थामा हुनेछ । साथै सो खाता प्रचलित कानुन बमोजिम संचालन हुनेछ ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आय व्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक

राज समझ्क चौधरी
गा.पा. अध्यक्ष

लेखापरीक्षणको सिद्धान्त, बेरुजु अभिलेख, बेरुजु फछ्र्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

(७) अस्पतालको आर्थिक कारोवार अस्पतालको आर्थिक प्रशासन शाखाबाट हुनेछ । अस्पतालको व्यवस्थापनलाई थप गुणस्तरिय बनाउन खरिदसंग सम्बन्धित कार्य लागि देहाय बमोजिमको खरिद समिति रहनेछ ।

(क) अस्पताल व्यवस्थापन समितिले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) गाउँपालिकाको स्वास्थ्य शाखा प्रतिनिधी - सदस्य

(ग) गाउँपालिकाले तोकेको लेखा कर्मचारी - सदस्य

(घ) अस्पताल नर्सिङ फाँट प्रमुख - सदस्य

(ङ) अस्पतालको जिन्सी शाखा प्रमुख - सदस्य सचिव

(८) अस्पतालको खरिद प्रक्रियालाई थप विश्वसनिय बनाउन देहाय बमोजिमको एक खरिद मूल्याङ्कन समिति रहनेछ ।

(क) अस्पताल प्रमुख - संयोजक

(ख) गाउँपालिकाको आर्थिक प्रशासन शाखाको प्रतिनिधि - सदस्य

(ग) अस्पतालको प्रशासन प्रमुख - सदस्य

(घ) गाउँपालिकाको कानून अधिकृत/कार्यपालिकाले तोकेको स्थायी कर्मचारी - सदस्य

(ङ) गाउँपालिका स्वास्थ्य संयोजक - सदस्य सचिव

१०. <u>लेखा परीक्षण;</u> (१) अस्पताल व्यवस्थापन समितिले तोकिए बमोजिम अस्पतालको आय- व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(२) आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

(३) अस्पतालको लेखा परिक्षण प्रचलित कानून बमोजिम गाउँपालिकाको कार्यालयमा सूचीकृत भएका लेखा परिक्षक तथा/फर्मबाट छनौट गरी गरिनेछ ।

११. **बैठक भत्ता:** समितिका सदस्यहरुको बैठक भत्ता तथा बैठक सम्बन्धि अन्य खर्च गाउँपालिकाको खर्च कार्यविधि तथा आर्थिक नियमावली बमोजिम अस्पताल व्यवस्थापन/विकास समितिको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ ।

१२. **सेवा शुल्क सम्बन्धि व्यवस्था:** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णयगरे बमोजिम हुनेछ । तर निःशुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइने छैन ।

## परिच्छेद- ६

## जनशक्ति, औषधी उपकरणको व्यवस्थापन

१३. **कर्मचारी व्यवस्थापन;** (१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरवन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

(क) **स्थायी:** नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति;

(ख) **करार:** करार सेवामा भर्ना गरिएका जनशक्ति;

(ग) **अभ्यासकर्ता:** छात्रवृत्ति प्रास गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा गाउँपालिका को सहयोग प्रास गरी छात्रवृतिमा अध्ययन गरेका विद्यार्थी;

(घ) विषयविज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वच्छिक सेवा उपलव्ध गराएका व्यक्तिहरु;

(ङ) विभिन्न शैक्षिक सस्थाहरुवाट आएकाईन्टनसिप (OJT) विध्यार्थीहरु;

सुरज समभक चौधरी
गा.पा. अध्यक्ष

(२) अस्पतालको सेवा प्रवाह उपदफा (१) बमोजिमको कर्मचारीवाट गराउन अपुग भएमा अस्पतालले गाउँपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्दति अनुरुप प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधा प्रचलित कानूनमा व्यवस्था भए भन्दा कम नहुने गरी समितिले निर्धारण गर्नेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुँदाका वखत अस्पतालमा कार्यरत कर्मचारीहरुलाई व्यवस्थापन समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(६) नियमित वाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णयगरी थप सुविधा उपलव्ध गराउन सक्नेछ ।

(७) अस्पतालको आफ्नै जनशक्ति, दरबन्दी संरचना हुनेछ। तर कार्यपालिकाले आवश्यकता अनुसार समय समयमा केहि संशोधन तथा थपघट पनि गर्न सक्नेछ ।

(८) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ ।

(९) अस्पतालका प्रमुखसंग प्रमुख प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसंग अस्पताल प्रमुखले कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(१०) समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागिआवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(११) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ ।

सज्जन समसेर चौधरी
गा.पा. अध्यक्ष

(१२) समितिले गाउँपालिका संग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासंगको साझेदारीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

(१३) कर्मचारीहरुले तोकीएको आचरण, नैतिकता, गोपनीयताको पालना नगरी आफ्नो कार्य विवरण अनुसारको कार्य सम्पादन नगर्ने कर्मचारीहरुको हकमा अस्पताल प्रमख वा प्रशासन प्रमुखले सचेत गराउन सक्नेछ । साथै पटक पटक त्यस्ता कार्यहरु गरेमा स्थायी कर्मचारीको हकमा प्रचलित कानून र करार तथा ज्यालादारी कर्मचारीको हकमा सम्झौता बमोजिम हुनेछ । र अस्पतालबाटै नियुक्त भएका कर्मचारीहरुको हकमा अस्पतालको प्रशासन प्रमुखले स्पष्टिकरण सोध्न सक्नेछ र कारवाहीको अधिकार पनी अस्पताल प्रशासनलाई हुनेछ । तर गाउँपालिकाबाट नियुक्त कर्मचारीको हकमा कारवाहीको लागि लेखि पठाउने अधिकार अस्पताल प्रशासनलाई हुनेछ तर निर्णय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(१४) अस्पतालले सम्पादन गरेका कार्यहरुको अर्धवार्षिक तथा वार्षिक समिक्षा कार्यक्रम गर्नुपर्नेछ सो कार्यक्रममा अस्पतालमा उत्कृष्ठ कार्य गर्ने कर्मचारीलाई उचित पुरस्कारको व्यवस्था हुनेछ ।

१४. <u>अभ्यासकर्ता सम्वन्धी व्यवस्था;</u> अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्यूनत्तम शैक्षिक योग्यता पुगि सम्वन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थिहरुलाई अस्पतालले प्रचलित कानून बमोजिम अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

१५. <u>कर्मचारी स्वास्थ्यकर्मिहरुको सेवा सुविधा:</u> कर्मचारी तथा स्वास्थ्यकर्मिहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा तथा सट्टा बिदा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजविम हुनेछ ।

१६. **औषधि खरीद भण्डारण;** (१) गाउँपालिका बाट निःशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा गाउँपालिका संगको समन्वयमा अस्पतालले आवश्यक औषधि खरीद गर्न सक्नेछ ।

(२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरीद योजना बनाई गाउँपालिका बाट स्वीकृत गर्नुपर्नेछ ।

(३) अस्पतालले निःशुल्क उपलव्ध गराउने औषधी नियमित रुपमा उपलव्धताको व्यवस्था गर्नु पर्नेछ ।

(४) अस्पतालले अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नु पर्नेछ ।

(६) औषधी आपुर्ति तथा वितरणलाई पारदर्शी वनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी स्रेस्ता मिलाउनुपर्ने र दैनिक औषधीको खपतलाई मौजदात दैनिक अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नु पर्नेछ ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी व्यवस्थापन समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(९) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले निम्न बमोजिम जानकारी दिनुपर्नेछ ।

(क) औषधीको सेवन विधि र मात्रा

(ख) औषधीको सेवन अवधि

(ग) औषधीबाट हुन सक्ने प्रति असर

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(घ) औषधी सेवन अवधिभर अपनाउनुपर्ने सावधानी

(ङ) औषधी सुरक्षित राख्ने स्थान र विधि

(१०) औषधी वितरण गर्दाऔषधी विक्री वितरण सम्बन्धी सहिंता र औषधी सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

(११) अस्पतालले आपुर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनु पर्नेछ ।

१७. फार्मेसी संचालन गर्नेः (१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ ।

(२) फार्मेसी मार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

(३) फार्मेसी संचालन सम्बन्धी अन्य ब्यबस्था प्रचलित कानून र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ ।

१८. एम्बुलेन्स संचालनः (१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१९. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः (१) अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

(२) अस्पतालमा संभव उपचार तत्कालगरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वस्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलव्ध गराउनु पर्नेछ र आधारभूत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएको हकमा स्वास्थ्य बीमाबाट र वीमा नभएको वा वीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित

राज समझ चौधरी
गा.पा. अध्यक्ष

१४

व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवावाट वञ्चित गरिने छैन । अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिका को आकस्मिक उपचार कोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलव्ध गराउनु पर्नेछ ।

२०. <u>सेवा व्यवस्थापनः</u> (१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ (दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

(२) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने छ ।

(३) अस्पतालले बहिरंग सेवा प्रदानगर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका ( दिन र बार र समय ) खुल्नेगरी सबैले देखे ठाउँमा राखेछ ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक बाटै प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

(५) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने ब्यवस्था सुनिश्चित गर्नेछ ।

(६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ ।

(७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ ।

सन्जे समझ्र चौधरी
गा.पा. अध्यक्ष

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(१०) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।

(११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनु पर्नेछ । शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्धता गराउनुपर्नेछ ।

(१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राख्नुपर्नेछ ।

(१४) अस्पतालमा प्रयोगहुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्तालुगा कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ ।

(१५) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधा युक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ ।

(१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्धपानी आपूर्ति हुनुपर्नेछ ।

(१७) अस्पताल क्षेत्रभित्र र सबै बिभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याक अप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ ।

गा.पा. अध्यक्ष

(१८) अस्पतालमा उपचारका लागिआउने विपन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ । थप निःशुल्क उपचार समितिको निर्णय अनुसार हुनेछ ।

(१९) उपदफा (१८) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सो को प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यबस्था गर्नुपर्नेछ ।

(२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यबस्था हुनुपर्नेछ । साथै ठुला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अबधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनुपर्नेछ।

(२१) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, बिद्युतीय उपकरण र अन्य बिद्युतीय उपकरणको नियमित मर्मत संभार गर्ने व्यबस्था हुनुपर्नेछ ।

(२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ ।

(२३) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डारणमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

(२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ ।

(२५) अस्पतालमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा संचालन गर्न समितिले छुट्टै कार्यसंचालन निर्देशिका तयार गरी लागू गर्नेछ ।

(२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, वालवबालिका र अपाङ्गता मैत्री हुनुपर्नेछ । साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्टेचर

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

राखु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देखे ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(२७) स्वास्थ्य सेवा संचालन र पुर्वाधार सम्बन्धिअन्य व्यवस्था प्रचलित कानून, मापदण्डर प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद-७

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

२१. अस्पताल सूचना प्रणाली: (१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पुर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्वन्धी सूचना गाउँपालिका , प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलव्ध गराउनुपर्नेछ ।

(३) अस्पतालवाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको अनुसूची १ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नुपर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

(६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्थागरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्ने छ ।

(७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समयसमयमा अस्पतालले जनचेतनामूलक अभियनान संचालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा □□□□ 2 मा प्रविष्ट गर्नुपर्नेछ ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

२२. गुनासो व्यवस्थापन: (१) अस्पतालले सबैले देखे ठाँउमा सुझाव तथा उजुरी पेटीका राखे र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ ।

२३. प्रेषण सम्बन्धी व्यवस्था: (१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ । तर अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अबस्था हुँदा हुँदै प्रेषण गर्न पाइने छैन ।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राख्नुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ ।

रामभक्त चौधरी
गा.पा. अध्यक्ष



CamScanner

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्नवाधा पुग्नेछैन ।

(७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका विरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(९) प्रेषण भएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।

(१०) अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सो को विवरण अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(११) उपदफा (१०) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेखगरी अनुसुची २ बमोजिमको डिस्चार्ज सारंश दिनुपर्नेछ ।

(क) विरामीको परिचयपत्र नं.

(ख) मूख्य समस्याहरू

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश

(घ) तत्काल गरिएको परीक्षणको सारांश

(ङ) उपचारको क्रममा भेटिका तथ्य

(च) उपचारको क्रममा अपनाइएको प्रकृया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) गरिएको उपचारको विवरण

(झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायम, उपचार पद्दति, औषधिको मात्रा, प्रकृया तथा अवधि

(ञ) पुनः आउनुपर्ने वा नपर्ने जानकारी

(ट) निदानात्मक जाँचहरूको रिपोर्टको सारांश

(ठ) अन्य आवश्यक कुराहरू

कैलारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हसुलिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

राज समझ चौधरी
गा.पा. अध्यक्ष

## परिच्छेद- ८

## विविध

२४. **अस्पतालको छाप**: अस्पतालको सम्पूर्ण काम कारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ । छापको नमुना र आकार अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

२५. **अस्पतालको संगठन संरचना**: अस्पतालको सङ्गठन संरचना देहाय बमोजिम हुनेछ ।

तपशिलः

| क्र.सं. | पदनाम | तह | समुह | सेवा | संख्या |
|---|---|---|---|---|---|
| १ | ब.क./क. मे. जनरलिष्ट | ९/१० | चिकित्सक | ज. मे. | १ |
| २ | मेडिकल अधिकृत | ८ | चिकित्सक | ज. मे. | २ |
| ३ | हे.अ./सि.अ.हे.ब. | ५/६/७ | हे. ई. | स्वास्थ्य | ६ |
| ४ | स्टाफ नर्स/ सि.अ.न.मी. | ५/६/७ | नर्सिंग | स्वास्थ्य | ६ |
| ५ | कविराज (आयुर्वेद) | ५/६/७ | आयुर्वेद | स्वास्थ्य | १ |
| ६ | ल्याव टेक्निसियन/ल्याब असिस्टेन्ट | ४/५/६ | मे.ल्या.टे. | स्वास्थ्य | ४ |
| ७ | रेडियोग्राफर | ५/६/७ | हे.ई. | स्वास्थ्य | १ |
| ८ | फार्मेसी सहायक | ५/६/७ | हे.ई. | स्वास्थ्य | २ |
| ९ | अप्थाल्मिक सहायक | ५/६/७ | हे.ई. | स्वास्थ्य | १ |
| १० | एनेस्थेटिक सहायक | ५/६/७ | हे.ई. | स्वास्थ्य | १ |

राजेन्द्र समझ चौधरी
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | डेन्टल हाइजिनिस्ट | ४/५/६ | हे.ई. | स्वास्थ्य | १ |
| १२ | नायब सुब्बा | ५ | प्रशासन | प्रशासन | १ |
| १३ | सहायक लेखापाल | ४ | प्रशासन | प्रशासन | १ |
| १४ | कम्प्युटर सहायक | ४ | प्रशासन | विविध | १ |
| १५ | अप्टिकल डिस्पेन्सर | ४ | प्रशासन | विविध | १ |
| १६ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | प्रशासन | ४ |
| १७ | सरसफाईकर्मी | श्रेणी विहिन | प्रशासन | प्रशासन | २ |
| १८ | चौकीदार | श्रेणी विहिन | प्रशासन | प्रशासन | १ |
| | **जम्मा** | | | | ३७ |

२६. <u>साझेदारी गर्न सक्ने:</u> अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहान सेवा लगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउँपालिका संग समन्वयगरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम समुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२७. <u>वार्षिक प्रतिवेदन पेश गर्ने:</u> समितिले बर्ष भरिको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

२८. <u>निर्देशन पालना गर्नुपर्ने:</u> कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

२९. <u>गाउँपालिका लाई आर्थिक दायित्व सृजना गर्न नहुने:</u> गाउँपालिकाको स्वीकृति विना अस्पताल विकास समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नुहुँदैन ।

३०. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने:</u> समितिले आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. <u>कार्यविधिको पालना गर्नुपर्ने:</u> यस कार्यविधिको पालना गर्नु गाउँपालिका भित्रका सबै सरकारी अस्पतालको दायित्व हुनेछ ।

३२. <u>व्याख्या गर्ने अधिकार:</u> यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा कार्यपालिकाले सो को व्याख्या गर्नेछ ।

३३. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएमा विषयहरू प्रचलित कानून बमोजिम हुनेछ ।

३४. <u>संसोधन गर्नु परेमा:</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संसोधन गर्नु परेमा कार्यपालिकाबाट संसोधन हुनेछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-१

दफा २२ को उपदफा ४ सँग सम्बन्धित

अस्पतालबाट प्रदान गरिने सेवाको

## नागरिक बडापत्रको ढाँचा

| सि. नं. | शाखा/ वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

अनुसूची २

दफा २४ को उपदफा ११ सँग सम्बन्धित

## डिस्चार्ज सारांश ढाँचा

.....................................अस्पताल

डिस्चार्ज सारांश

| | |
|---|---|
| बिरामीको नाम: | उमेर: |
| बिरामीको ठेगाना; | सम्पर्क नं. |
| अस्पतालको वार्ड: | युनिट: |
| बिरामीको परिचयपत्र नं./दर्ता नं.: | मिति: |

समस्याहरु:

...........................................................................................................................

.....................

परिक्षण विवरण:

...........................................................................................................................

.....................

उपचारको क्रममा भेटिएका तथ्य, उपचार प्रक्रिया र पद्धति:

...........................................................................................................................

.....................

उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि, भर्ना भएको मिति र समय:
.................................

सजन सम्भक चौधरी
गा.पा. अध्यक्ष

गाउँपालिका
कार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

.............................................................................................................................................

......................

| उपचार सम्बन्धि विवरण: | सिफारिस औषधिको नाम, मात्रा र अवधि: |
|---|---|
| ............................................................... ....... | ............................................................ ...... |

डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था र सो समयमा दिएको निर्देशन:

.............................................................................................................................................

.......................

पुन: अस्पताल आउने (Follow Up) सम्बन्धि विवरण:

यस उपचारको क्रममा पुन: अस्पताल आउनुपर्ने वा नपर्ने:

आउनुपर्ने मिति:

अन्य आवश्यक कुराहरु:

.............................................................................................................................................

..................

............................

ईन्चार्जको हस्ताक्षार

राज समझ चौधरी
गा.पा. अध्यक्ष



CamScanner

## अनुसूची ३

दफा २५ संग सम्बन्धित

**अस्पतालको छापको नमूनाः**

१. **छापको नमूनाः** कैलारी गाउँपालिकाको लोगोको तल अस्पतालको नाम र अस्पताल रहेको ठेगाना रहनेछ ।

२. **छापको प्रकारः** नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

राज समरू चौधरी
गा.पा. अध्यक्ष

आज्ञाले:
दल बहादुर धामी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner